सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ८ ❍अंक ९१ ❍श्रेणी 'क' ❍२०७२ पुस १७ गते शुक्रबार ❍ 1 Jan. 2016 ❍पृष्ठ ४ ❍मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफ्नाइँ रोगमुक्त राखुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफ्नाइँ रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८५६९७०३२९६

कांग्रेसको १३औं महाधिवेशन

शीर्ष तीन नेताका छुट्टा-छुट्टै दाउ

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १६ पुस ।

क्रियाशील सदस्यता छानविन गर्न बनेको केन्द्रीय सदस्य नरहरि आचार्य नेतृत्वको समितिले सभापति सुशिल कोइरालालाई प्रतिवेदन बझाएपछि नेपाली कांग्रेसको १३औं महाधिवेशन अब औपचारिक रूपमा अघि बढेको छ । पार्टी केन्द्रीय समितिले गरेको निर्णयअनुसार छानविन समितिले तयार पारेको सदस्यताको प्रतिवेदनलाई सभापति कोइरालाले जस्ताको तस्तै स्वीकृत गरेर निर्वाचन समितिलाई बुझाएपछि निर्वाचन समितिसँगको सहकार्यमा केन्द्रीय कार्यालयले जिल्ला समितिमार्फत इकाई समितिसम्म पुर्याउने छ । त्यसपछि अधिवेशन सुरु हुनेछ । गाउं नगर अधिवेशन १५ माघ, क्षेत्रीय अधिवेशन २२ माघ, जिल्ला अधिवेशन २५ माघ र महाधिवेशन २० देखि २३ फागुनसम्म गर्ने कार्यतालिका कांग्रेसले तय गरिसकेको छ ।

अहिलेको महाधिवेशन शीर्ष भनिएका तीन नेता नै पार्टीको नेतृत्व आफूले पाउनुपर्ने दावी गर्दै प्रचारमा हिंडेकाले रोमाञ्चक हुने देखिन्छ । वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेल त आफ्नो नेतृत्वमा दावी रहने घोषणा गर्दै प्रचार-प्रसारका लागि जिल्ला दौडाहामा लिस्किसकेका छन् । सभापति सुशिल कोइराला आफूले खुलेर सभापतिको उम्मेदवार बन्ने नबताए पनि दोस्रो तहका नेतामार्फत कार्यकर्तासम्म आफ्नो सन्देश पुर्याइरहेका छन् । 'नेपाली राजनीतिमा निष्ठा र इमानदारिता का पर्याय सभापति सुशिल कोइरालालाई १३औं महाधिवेशनमा पुनः सभापतिमा विजयी गराऔं,' नेविसंघ नुवाकोटका नेता जयराम दाहालले आफ्नो फेसबुक स्टाटसमा मंगलवार पोस्ट गरेका छन् ।

विगतका महाधिवेशनमा भन्दा अहिलेको महाधिवेशनमा प्रतिस्पर्धा कडा हुने देखिएको छ । नेताहरूले सभापतिमा जितका लागि आफूले छुट्टाछुट्टै रणनीति अख्तियार गर्ने रणनीति बनाएका छन् ।

सुशिलको रणनीति : १३औं महाधिवेशनबाट पनि कांग्रेसको नेतृत्व कोइराला परिवारमै राख्नेको चुनौती सुशिलमाथि छ । १२औं महाधिवेशनमा एकपटकका लागि भनेर सभापतिका लागि मत मागेका सुशिलले अब कसरी पुनः सभापतिमा मत मागने भन्ने रणनीति बनाउनका लागि आफू निकटस्थ नेताहरूसँग छलफल गरिरहेको महाराजगन्ज स्रोत बताउँछ । कांग्रेस कार्यकर्तामाझ सानी कोटरीमा रमाउने नेताका रूपमा परिचित सुशिलले अहिले उही निकट तर कार्यकर्तामाझ अलोकप्रिय रहेका नेताहरू आनन्द हुंगाना, दिलेन्द्र बडू र दिलबहादुर घर्तीसँग कसरी नेतृत्व हत्याउने भन्ने रणनीति बनाउन व्यस्त रहेको बताइन्छ । सभापतिमा उम्मेदवारी घोषणा गर्दा सुशिलले आफ्नो घोषणाविपरीत पुनः उम्मेदवारी दिनुको औचित्य पुष्टि गर्न तयारी गरिरहेका हुन् । आफ्नो नेतृत्वमा सफलतापूर्वक नयाँ संविधान जारी गरेको, प्रधानमन्त्रीमा उम्मेदवारी दिंदा तराई मधेसमा आन्दोलन गरिरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा संसदमा आई नेपालको संविधानलाई स्वीकार गरेको, आफू सभापति भएका बेला भएको दोस्रो संविधानसभा चुनावमा कांग्रेस पहिलो पार्टी भएकाले आफू पुनः एकपटक सभापति भएर कांग्रेसलाई अझ सशक्त बनाउन सहयोग गर्न कार्यकर्तालाई आग्रह गर्ने तयारी उनको कोटरीको छ । कोइरालाको नेतृत्व सफल भएकै कारण जिल्ला तहबाट पुनः सभापतिका लागि चर्को दबाव आएकाले पनि पुनः सभापतिमा उम्मेदवारी दिनुपर्ने बाध्यता भएको कोइराला, अतुल कोइराला र मोहन आचार्यले सुशिललाई भेट्न आउनेसँग गरिरहेका छन् । त्यसको साथै, कोइराला निकट नेताहरू बडु, घर्ती, डुंगाना, डा. शैलेन्द्र रिजाललगायतले सुशिलको पक्षमा देशभरको स्थिति बुझ्दै छ भनेर अध्ययन गरिरहेका छन् ।

साथै, सभापतिको उम्मेदवारी घोषणा गर्दै देश दौडाहामा लागेका उपसभापति पौडेललाई प्रधानमन्त्रीको प्रतिबद्धता जनाएर या पाटीको विधानमा नै संशोधन गरेर एक वरिष्ठ उपसभापति पद सिर्जना गरी चित्त बुझाउन सकिने बुझाइ कोइराला ब्याप्पको छरु

तर, सुशिललाई आफ्नो गुटका नेताहरूलाई चित्त बुझाउने गरी पद बाँडफाड गर्न गाह्रो परेकाले महाधिवेशनअघि नै पदाधिकारी बढाउन चाहन्छन् । पदाधिकारी बढाउन विधानअनुरूप दुईतिहाइ आवश्यक पर्ने भएकाले आफूले गरेको प्रस्ताव असफल भएमा बेइज्जत हुने डरले मुख खोल्न भने सकेका छैनन् । सभापतिका प्रत्याशी देउवाले सुशिलको पदाधिकारी थप्ने रणनीतिलाई रोक्नु नै आफ्नो जितको आधार देखेकाले पनि पदाधिकारी विस्तार त्यति सजिलो छैन । संस्थापनबाट प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, रामशरण महत, सुजाता कोइराला, सशांक कोइराला, शेखर कोइराला, महेश आचार्य, नरहरि आचार्य अर्जुननरसिंह केसी पदाधिकारीका आकांक्षी रहेका तर, पद थपि भएकाले सुशिल अप्ठेरोमा परेका छन् ।

शेरबहादुर देउवा : १२औं महाधिवेशनमा सुशिलसँग सभापतिमा, पहिलो संविधान सभामा रामचन्द्र पौडेलसँग र दोस्रो संविधानसभामा सुशिल कोइरालासँगै संसदीय दलको नेतामा पराजित देउवा साम, दाम, दण्ड, भेद सबै प्रयोग गरी सभापतिमा निर्वाचित हुने गरी आकामक रूपमा लागिरहेका छन् । उनले आफ्नो उम्मेदवारी घोषणा गर्दै देश दौडाहालाई पनि तीव्रता दिएका छन् । उनले सुशिलको गुटका नेतालाई लोभलालच देखाई तानेर आफू सभापतिमा निर्वाचित हुने रणनीति बनाएका छन् । त्यसका लागि संस्थापनको पदाधिकारी थप्ने प्रस्तावलाई सफल हुन नदिने उनको पहिलो एजेन्डा छ । त्यसबाहेक भ्रष्टाचारी ठहर भई जेल परेर छुटेपछि हिन्दू राष्ट्रको नारा

बाँकी अन्तिम पृष्ठमा.....

मिस पोखराको ताज भुजेलको पोल्टामा

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

सातौं मिस पोखराको ताज सविना राना भुजेलले जितेकी छन् । बुधवार राति पोखरा सभागृहमा भएको याण्ड फिनालेमा अन्य १९ जना प्रतियोगीहरूलाई पछाडि पार्दै उनले उपाधि आफ्नो पोल्टामा पारेकी हुन् । उपाधि पाएसँगै सविनाले आफूलाई निकै ठूलो खुशी मिलेको प्रतिक्रिया दिइन् । उनले मिस पोखराको विजेता बनेपछि आफू अझै जिम्मेवार भएको बताइन् । 'मेरो लक्ष्य आज आएर पुरा भएको छ । यसलाई मैले शुरुवात मानेकी छु । आगामी दिनमा यो ताजको गरिमालाई अझै बढाउनेछु'-सविनाले भनिन् । मिस पोखराको टाईटल जितेसँगै सविनाले मिस पोखराको अवको संस्करणमा सोही सहभागिता जनाउन पाउनेछिन् । त्यो सँगै उनले नगद ५० हजार रुपैया, एउटा स्कुटर र गोल्डेन काउन प्राप्त गरिन् । मिस पोखराको विजेतासँगै गोल्डेन काउन परिरहेको यो पहिलो पटक हो । प्रतियोगितामा मञ्जिता खनाल फस्ट रनरअप भईन् भने लोचन बसेल सेकेन्ड रनरअप भईन् । फस्ट रनर अप खनालले ३० हजार रुपैयाँ र सेकेन्ड रनरअप बसेलले २० हजार रुपैयाँ प्राप्त गरे । सेकेन्ड रनरअप बसेलले संगसँगै बेस्ट फोटोजेनिक टाईटल

पनि आफ्नो पोल्टामा पारिन् । त्यसैगरि बेस्ट पर्सनालिटिको उपाधि सलिफा गुरुङको पोल्टामा पर्‍यो ।

मोस्ट ट्यालेन्ट टाईटल आरजु घोतानै गुरुङ, बेस्ट क्याटवाक र भ्युअर्स च्वाईस टाईटल सविना राज्यलक्ष्मी राणाले जिते । त्यस्तै मिस एपलारिटी टाईटल अनु रेग्मी र बेस्ट स्माईल तथा बेस्ट ड्रेस टाईटल सिर्जना विश्वकर्माको हातमा पर्‍यो ।

बुधवार भएको मिस पोखराको ग्राण्ड फिनालेमा गोपाल कडपत्री, संचारकर्मी महेश भण्डारी, ब्यूटिसीएन चिनु गुरुङ, अप्सरा बस्नेत लगायत निर्णायकको रुपमा रहेका थिए । ग्राण्ड फिनालेकै क्रममा गायन तथा नृत्य प्रस्तुतिहरु पनि भएको थियो । गायिका दैविका बन्दना, विना आइंकन मुस्कान रानाभाट, गायक कालिप्रसाद बस्कोटा, विजेश पौडेलले सहभागीलाई आफ्नो प्रस्तुतिबाट मनोरञ्जन प्रदान गरेका थिए । त्यस्तै सारंगम कला केन्द्रका कलाकारहरुले नृत्यको प्रस्तुति पनि राखेका थिए । पोखरा जेसिजको आयोजनामा भएको सातौं मिस पोखरालाई इभेन्ट कम्पनी 'इभेन्ट्स फर यूले व्यवस्थापन गरेको थियो । कोलगेट ब्वाईट भिजिवलको मुख्य प्रायोजनमा भएको मिस पोखरा २०१५ को को-स्पोन्सरमा एल्किा इन्टरनेशनल एजुकेशन, सब स्पोन्सरमा स्लोवल रिच एजुकेशन सर्भिसेज प्रा लि, स्पोन्सरमा क्रान्तिपुर डेन्टल हस्पिटल, चेरिप्या इम्पोरियम एण्ड बुटिक र प्रथम पुरस्कार स्पोन्सरमा स्लोवल मोटर्स प्रालि रहेका थिए ।

व्यवस्थापिका संसदमा कांग्रेस-एमाले जुहारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

व्यवस्थापिका संसदमा प्रमुख सत्तारुढ नेकपा एमाले र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदमा जुहारी चलेको छ । संसदको विहीबार बसेको बैठकमा संविधान संशोधन विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा प्रमुख दुई दलका सांसदबीच जुहारी चलेको हो । छलफलमा भाग लिने क्रममा रोप्टमका पुर्णिका कांग्रेसका सांसद आनन्दप्रसाद दुंगानाले प्रमुख प्रभावितकै इत्यनीय अवस्था र चार महिना लामो मधेस आन्दोलनलाई उपेक्षा गरेर सरकार आफ्नो आयु बढाउने खेलमा लागेको आरोप लगाए । उनले आन्दोलनरत मधेसवादी दलहरुको भावनालाई समेटेर संविधान संशोधन गरिनुपर्ने बताए। उनले अहिलेको संशोधन विधेयकबाट मात्र मधेसी जनताको माग सम्बोधन नहुने बताए। लगतै रोप्टममा पुर्णिका एमाले सांसद राजेन्द्र पाण्डेले आफू नेतृत्वको सरकारले तयार पारेको संविधान समान, प्रगतिशील र समावेशी संशोधन विधेयक अगाडि नबढाएको विरोधमा संसद नै अवरोध गरेको पार्टीका सांसदले अहिले आएर विधेयकबाट मधेस आन्दोलन सम्बोधन हुदैन भन्नु सान्दर्भिक नभएको बताए।

बैठकमा सत्तारुढ एकीकृत माओवादीका सांसद् अमनलाल मोदीले संविधान कार्यान्वयनका लागि दर्जनौं नयां कानून बनाउनुपर्ने अवस्थामा प्रमुख दलहरु आपसमा आरोप प्रत्यारोपमा उर्जिनु तथा मधेसवादी दलहरुले अवरोधलाई निरन्तरता दिनु निकै दुःखद भएको बताए। उनले संशोधन विधेयकले समान, प्रगतिक र समावेशी प्रतिनिधित्व र निर्वाचन क्षेत्र निर्धारणको माग सम्बोधन गर्ने भए पनि सीमांकनको मुद्दा जस्ताको तस्तै रहेको भन्दै सीमांकन हेरफेरका लागि पनि दलहरु तयार हुनुपर्ने

बाँकी अन्तिम पृष्ठमा.....

टिपरको ठक्करबाट २ को मृत्यु

तनहुँ १६ पुस ।

पृथ्वी राजमार्ग अन्तर्गत दमौली-डुंगे सडकखण्डमा पर्ने तनहुंको घोंसीकुवा गाबिस-५ स्थित मुसेखोलामा बिही टिपरले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा सवार दुईजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा घोंसीकुवा-८ छिर्के नैका मोटरसाइकल चालक २१ वर्षीय सुरज थापा, सोही ठाउंका अर्का २० वर्षीय सन्दिप कुंवर रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मोटरसाइकलको पछाडि बस्ने सन्दिपको घटनास्थल मै र चालक सुरजको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचारको क्रममा मृत्यु भएको हो । दमौलीबाट डुंगेतर्फ जदि गरेका नाइख ७८२१ नम्बरको टिपरले विपरीत दिशाबाट आउदै गरेको ग १० प ७४६२ नम्बरको मोटरसाइकललाई उक्त ठाउंमा ठक्कर दिंदा दुर्घटना भएको थियो । दुर्घटनापछि पृथ्वीराजमार्गको दमौली-डुंगे सडकखण्ड स्थानीयले अवरुद्ध पारेका थिए । रासस

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अगलाइजमा पढ्न र सुन्नको एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्युटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

सम्पर्क

प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्युट
न्यूरोड, पोखरा (पृथिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसँगै)
फोन : ०६१-५३०८५२, ९८१७१४४६३३, ९८४६०७७६१५

तुरुन्त आवश्यकता

पोखराको घिल्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित विनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
१.	वेटर	केही
२.	डिसवासर	केही

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, घिल्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०५

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ्ग में किन ?

- तपाईले खोजेका कुनैपनि मुगलतरीय डाण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् मुगलतरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलतरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- यहीको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर कर्णाजिस अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हजुरी आगाडि सधैं बबिन टेलरिङ्गका सिर्जनशील शिल्पकुशल...

बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सर्टिङ्ग

धादिङ-पोखरा सम्पर्क समितिको १७औं वार्षिक साधारणसभा सम्बन्धी

अत्यन्त जरुरी सूचना !!!

धादिङ-पोखरा सम्पर्क समितिको १७औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकाले समितिमा आबद्ध साधारण सदस्य, आजीवन सदस्य, सल्लाहकार परिषद, सल्लाहकार, पदाधिकारीका साथै कार्यसमितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराइसकिएको छ। कथंकदाचित जानकारी नपाइएको भए यसै सूचनालाई आधार मानि साधारणसभामा सहभागी भइदिनुहुन सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं ।

साथै आफ्नो साधारण सदस्यता नविकरण नगर्नुभएका महानुभावहरुले समयमै सम्पर्क राखि नविकरण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम

मिति : २०७२ पुष १८ गते शनिबार **समय** : बिहान ८ बजेदेखि

स्थान : शान्तिवन वाटिका (स्टल नं.४), नयाँबजार, पोखरा-५

सम्पर्क फोन : ९८४६०८०२९२ (वरिष्ठ उपाध्यक्ष)
९८४६०३०५०३ (सचिव), ९८४६२८६८७७ (कार्यक्रम संयोजक)
सदस्यता नविकरणका लागि सम्पर्क : ९८४६०३६४५३ (कोषाध्यक्ष)

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?

रोजगारीका लागि विदेश नजाई आफ्नै ठाउंमा गरेर आफ्नो घर चाहानुहुन्छ भने तपाईको रोजाई यस ठाउं

★ सिर्जना मिनी मार्केट ★

पोखराको मुटु रिजीकाको शिर्ष मेट्रोसिटी हरिपाल अगाडी पर्यटिय कुशिक सम्पन्न मनमोहक रहित रहदै छाममुखि पाउ
यहा सम्पुर्ण सुबिधा सहित सुजना मिनी मार्केटमा सकलै स्टल बुकिङ्ग गराईसक्नुभयो ।
तपाई सकलदेखि मार्केट सञ्चालन भई आफ्ना अमुल्यी व्यापारिकहरुका सम्पत्तिहरु रिजीका मिनी मार्केट भरि नै उपयुक्त रहेको छ ।

यहां मांडा, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।

बुकिङ्गका लागि सम्पर्क : ९८४६०३६४५३, ९८४६०३०५०३, ९८४६२८६८७७

■ मानिस दुखी दिनले हुन्छ जातले हुँदैन ।
- महाकवि लक्ष्मीप्रसाद देवकोटा

साहित्य

मुक्तकहरु

तीर्थराज अधिकारी

शिल्पले भावलाई दुष्ट बनाउन सक्छ
स्वभावले आफैलाई शिष्ट बनाउन सक्छ
शिल्प अनुसारको भाव संयोजनले भन्
साहित्यलाई उत्कृष्ट बनाउन सक्छ ।
हुने सकेन निर्विकल्प, निष्पक्ष र कञ्चन
साढै मैलो धमिलो हुँदैछ भन्-भन्
जसको हातमा प्रशस्त रहेको छ धन
राजनीतिमा उनै मात्रै अगाडि छन् ।

❖❖❖

बाँचिरहेछु भगवान ! अझै बाँचिरहेछु
फूल प्रसाद चढाउन पातीका डाँठिहरू भाँचिरहेछु
नानीले चलाउने गरेको सानो खुबुकेमा
तिम्रा लागि खुद्रा पैसाहरू साँची रहेछु ।

❖❖❖

छेकें भन्ये हत्केलाले आँखा मात्र छेकिएछ
देखें भन्ये सारा जगत् आवरण पो देखिएछ
मेट्न पनि सकिएन मेट्न पनि सकिएन
जन्मिएकको छ दिनमै ललाटमा लेखिएछ ।

❖❖❖

बाँसको तामा भनेर खरिद गरें केतकीको गुदोरहेछ
ताजा देखाउन साहुजीले विषालु पानीले धुँदोरहेछ
के मात्र नक्कली हुँदैन र यहाँको बजारमा साथी !
कुशको औठी पनि प्लाष्टिकको हुँदोरहेछ।
झाडी फाँडे दुइगा बोकें कति दलिएं कति दलिएं
रात दिनको धपेडीले कुनै बखत साढै थलिए
बाटो बन्यो मोटर आयो गाउँ कटेर सहर पस्यो
भीड भाडमा सिट नपाई हेर्दा हेर्दै आफै छलिए ।

❖❖❖

खोज्न निस्केको आसबहादुर कता गयो-गयो
उसैको पछि लागेको धनबहादुर पनि बेखबरी भयो
आफू त कस्तो साइतमा पुगिएछ राजधानी आहा !
जाँदाजाँदै टुँडिखेल मै गणतन्त्रसँग चिनापर्ची भयो ।

❖❖❖

ऊ सर्प जस्तो दुलो खोजेर पस्दैन
परजीवि भएर त कहिल्यै बस्दै बस्दैन
आफ्नै पँखेटाको सामर्थ्यले उड्ने कुनै पनि पछी
टेकेको डाली भाँचिदैमा भुईंमा खस्दै खस्दैन ।

❖❖❖ क्रमश:

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष १७ गते शुक्रबार, तदनुसार जनवरी १ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेको छन् । हेमन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज पौषकृष्णपक्षको सप्तमी तिथि २२ घटि ३८ पला अर्थात रातिमा ३ बजेर ५७ मिनेटसम्म त्यसउपरान्त अष्टमी तिथि लाग्नेछ । आज सूर्य धनु राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ । आज दिनमान २५ घटि ५० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५४ मिनेटमा विभिषण मुहुर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

वृष : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हासिल,दिन सबै प्रकारले शुभ रहने ।

मिथुन : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा वस्न मन लाग्नेछैन ।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

सिंह : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

कन्या : ठाडावाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

तुला : परिवारमा अशान्ति हुनेछ, आफन्तजनवाट धोका, बायुरोगले सताउनेछ ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

मकर : आम्दानीमा एक्कासि वृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

कुम्भ : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

मीन : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा वृद्धि हुनेछ, व्यापारवाट लाभ पाईनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४३६९

साहित्य/सिर्जना

देवकोटाको 'अग्निशिखा' अध्ययन गर्दा

मुक्तक नेपाली साहित्यप्रेमी र सर्वसाधारणबीच निकै लोकप्रिय छ। लोकप्रिय भएपनि नेपाली मुक्तकले विधागत स्पष्टता पाइसकेको छैन। कतिपय यसलाई कविताकै एक रुप मान्छन् भने कतिपय यसलाई स्वतन्त्र विधा मान्छन्। दुवै दावीका बीच नेपाली मुक्तकको विकास भने भइरहेको छ। विधागत बहसजस्तै यसको स्वरुपमा पनि उत्तिकै मतभिन्नताहरू छन्। केही संस्कृतका विधी, चतुष्पदीहरूबाट मुक्तकको विकास भएको दावी गर्छन् भने केही फारसी साहित्यमा लोकप्रिय रुबाईबाट यसको विकास भएको जिकिर गर्छन्। साहित्यकार हरिभक्त कटुवाल लेख्छन्, 'मुक्तक अरबी वा फारसी कव्यधाराको रुबाइयात छन्दमा लेखिन्छ। मुक्तक चार पङ्क्ति वा चतुष्पदीय हुनुपर्छ। त्यसमा पनि पहिलो, दोस्रो र चौथो पङ्क्ति अनुप्रासयुक्त र तेस्रो भने स्वतन्त्र रुपमा छाडनु गर्छ। हो।'

कतिपय नेपाली समालोचक र साहित्यकारहरू छोटो कवितालाई नै मुक्तक मान्छन्। नेपाली मुक्तकमा पहिलो पटक विचारार्थि गरेका डा. मुरारी पराजुलीका विचारमा 'छोटो, चोटिलो तर मुक्त कवितात्मक लेखन नै मुक्तक हो। साहित्यकार हरिभक्त कटुवाल भन्छन्, मुक्तकमा व्यङ्ग्य, विद्रोहका स्वरलाई वर्तमानले सुरुचिपूर्वक हैनें गरेको छ अहिलेका मुक्तक प्रखर, धारिलो, पारिलो र चोटिलो रुपमा मुखरित भइरहेका छन्। मुक्तक नेपाली साहित्यकी अत्यन्त लोकप्रिय, प्रभावशाली र चोटिलो विधा हो। अति सङ्क्षिप्त संरचनामा गहन भाव सम्प्रेषण गर्नु मुक्तकको प्रमुख विशेषता हो। नेपाली मुक्तकमा अहिले युगबोध, वर्तमान समयको स्पष्ट तस्वीर र समग्रमा देश र जनजीवनको प्रतिविम्ब पाइन्छ। मुक्तकको क्षेत्रमा पोखरको विशिष्ट स्थान छ। मुक्तककार सञ्जीव पौडेलका शब्दमा भन्दा 'मुक्तकमा हुनु पर्ने भाव सघनता तथा स्पर्श सामर्थ्यलाई अत्यन्त कुशल ढंगले पोखरेली मुक्तकले अंगालेकाले मुक्तकमा प्रशस्त व्यङ्ग्य घुसेको पाइन्छ।'

मुक्तकको पहिलो पङ्क्तिमा विषयवस्तुको केन्द्रीय उठान, बीचोमा विषयको व्याख्या, तेस्रोमा विचार र भावको प्रस्तुति र चौथोमा समग्र समस्याको समाधान मुक्तकको सिद्धान्त हो। यही संरचनालाई अनुशरण गर्दै वर्तमानका अधिकांश मुक्तककारले मुक्तक रचना गरिरहेका छन्। पछिल्लो कममा प्रकाशित, प्रशारित मुक्तक सङ्ग्रहहरू, सङ्कलनहरू र लेखनलाई हेर्दा पनि अधिकांश मुक्तक रुबाइको संरचनामा लेखिएको देखिन्छ। अरबी, फारसी काव्यधाराको अत्यधिक लोकप्रिय छन्द हो रुबाई। अझै पनि धेरैले मुक्तक नाम दिएर भावना, कविता, तुक्तक, छोक, टुका आदि लेखेको पाइन्छ। उमर खैयामले लोकप्रिय बनाएको रुबाईलाई २०१० सालमा नेपालमा भीमदर्शन रोकाले सुरु गरेका हुन्।

साहित्यमा अन्य विधा लेखिरास्नेहरुका लागि मुक्तक चुनौतीपूर्ण विधा हो किनकि मुक्तक सानो सामर्थ्यले लेख्न सकिँदैन र सामन्य नियमका भरमा पनि मुक्तक मार्निदैन। कृष्ण देवकोटा पोखरामा बसेर मुक्तकमा क्रियाशील छन्। नेपाली मुक्तकको नेतृत्वदायी संस्था मुक्तक मञ्च पोखराको नेतृत्वसमेत गरिसकेका देवकोटाको 'अग्निशिखा' पहिलो कृति हो। यो मुक्तक सञ्चयनमा राजनीतिप्रति व्यङ्ग्य पाइन्छ। उनले अहिलेका औसत युवाले देखेको देशका विसङ्गति, समाज र मानवतालाई आफ्ना मुक्तकमा प्रस्तुत गरेका छन्। नेपाली उखान नै छ, 'जहाँ पुर्दैनन् रवि, त्यहाँ पुग्छन् कवि' देवकोटाले मुक्तकमा समकालीन जीवनमा धेरैजसो पाटोलाई विषयवस्तुमा समेटेका छन्। उनले मुक्तकमा गाउँ उजाड भएकोमा चिन्ता व्यक्त गरेका छन्। उनी राष्ट्रियतार्थात चिन्तित छन्, स्वाभिमानपति सचेत छन्, राजधानी र सत्ताधारीपति आक्रोशित पनि छन्। सत्ताको खिचातानीबाट दिक्क हुँदै उनी उनी सिंहदरबार नै चिड्ड हाल्ने र हिटलरको शासन वर रास्रो भएको भनी व्यङ्ग्य पनि गर्दछन्। उनले आफ्ना मुक्तककमा पोखराको सुन्दरताको पनि व्याख्या गरेका छन्। उपभोक्तावाद र अहिलेका विकृतिलाई पनि उनले सटिकरुपमा प्रहार गरेका छन्।

उनको सहज सरल भाषा र विषयवस्तुको प्रयोगमा सचेतता पाइन्छ। युवा देवकोटाले कृतिमा प्रेम र घातलाई पनि समेटेका छन्। उनले साहित्यिक संस्था, कार्यकर्मकै विसङ्गति र पुरस्कारको आडानप्रदान गर्ने परिपाटीलाई पनि मुक्तकबाटै उछिट्टो काढेका छन्। देवकोटाको अग्निशिखाका केही उत्कृष्ट मुक्तकहरु यसमा प्रमाण हुन्

सोझाहरूको गर्धन अचानो भएको छ
यस्तो खबर कहाँ गई, कसलाई सुनाऊ
सरकार बहिरो अनि कानो भएको छ
(देवकोटा : २०७२ : ३५)

तिम्रो भिजी प्रतिभालाई चिन्छ सरकारले
तिम्रा एक–एक सिर्जनालाई किन्छ सरकारले
लेख, लेखु बाचिन्जेल देशकै लागि लेख
मरेपछि पुरस्कार दिन्छ सरकारले
(देवकोटा : २०७२ : २५)

जसले फूल गोदछ ऊ नै माली हुनु पर्छ
जसले खेत जोत्छ ऊसकै बाली हुनु पर्छ
जसको सरकार भए पनि अब बन्ने संविधानमा
नेताभन्दा जनता शक्तिशाली हुनु पर्छ ।
(देवकोटा : २०७२ : २३)

जिउमा भोटो भएपछि सबै छुट हुन्छ
रकम मोटो भएपछि सबै छुट हुन्छ
हरेक ठाउँमा पछि पर्दै किन भन्नु पयो
पहिरन छोटो भएपछि सबै छुट हुन्छ
(देवकोटा : २०७२ : ३४)

मन भत्काउन पिरतीको खानी खन्न दिन्न
मलाई छोडे कसैकी नि रानी बन्न दिन्न
धोका दिए निष्ठुरीलाई एकै तालमा छ्याइदिन्छु
वा, आमाको कूरै छोडी, पानी भन्न दिन्न।
(देवकोटा : २०७२ : २३)

अब मेरो मुक्तकमा नि छन्द हुनेछ
मुक्तक पढ्दा मुस्कान भने मन्द हुनेछ
कोही, कसैले फर्किए विरोध गर्‍यो भने
सम्झिराख, त्यो दिन नेपाल बन्द हुनेछ
(देवकोटा : २०७२ : २३)

अनिषा बराल

उनले मागिन् जिन्दगी को खाका झिकी दिएँ
ली सुन भनी मिठो भाका झिकी दिएँ
उनले केवल अध्यारोमा साथ दिन्छु भनिन्
मैले पनि हांसी-हांसी आँखा झिकी दिएँ।
(देवकोटा : २०७२ : २३)

जसको बेली घिर छैन त्यो नेपाली हैन
जसको ठाडो शिर छैन त्यो नेपाली हैन
दैरा, सुरुवाल लगाएमात्र कली हुन्छ
जसलाई देशको पिर छैन त्यो नेपाली हैन।
(देवकोटा : २०७२ : २३)

नेपालीको आशा जब मनभित्र नै मर्छ
आँन वैरी सिमा मिच्दै मेचीकोशी तर्छ
यस्तो गरी लड्नुभन्दा चिड्डा हाली बरु
जावो त्यो सिंहदरबार जसलाई पर पर्छ।
उनीहरूका नामममा कहिल्यै फेता आउँदैन
त्यसैले त पत्रकारहरू यता आउँदैन
यो कार्यकमलाई पत्रिकाले तबसम्म छाप्दैन
जबसम्म उद्घाटनमा नेता आउँदैनन्।

यस वर्ष पुरस्कार देऊ, आधा तिमीलाई भो
बाटो खर्च पूरै आउंडा-जाँदा तिमीलाई भो
अखबारको पहिलो पेजमा मेरो फोटो आउनु पर्छ
यो 'कृष्ण'को हुनेवाला राधा तिमीलाई भो।
(देवकोटा : २०७२ : १००)

'अग्निशिखा' देवकोटाको पहिलो कृति हो। एउटै कृतिबाट कुनै सर्जकको समग्र व्यक्तिको मूल्याङ्कन गर्न सकिँदैन। एकाध मुक्तकमा अनुप्रास मिलाउनका निमित्तमात्र शब्दहरूलाई तोडमोड गरिएको छ। गम्भीर र गहन तवरले विषयवस्तुको फरक, विशिष्ट र मौलिक प्रस्तुति देवकोटाबाट अझै अपेक्षा गर्न सकिन्छ। उनी कतैकतै भावमा पनि चिप्लिएका छन्। जस्तो :

सधै माग्ने झोलीको लाइसेन्स छ कि छैन
मुर्दा बोक्ने डोलीको लाइसेन्स छ कि छैन
घांस काट्ने गएका सोझा-सिधा जनता मारे
त्यो बन्दूक र गोलीको लाइसेन्स छ कि छैन। (देवकोटा : २०७२ : २३)

बन्दूकको लाइसेन्स भए पनि सोधासिलाई मार्न पाइदैन, मार्नु अनुचित हो। विरोधाभासलाई मिलाएर तालीं खान जति सजिलो छ, आफ्नो विचारसँग विरोधाभास नहुने गरी सिर्जना गर्न उतिकै गाह्रो छ। आगामी दिनमा देवकोटाले विषयवस्तुको गाम्भीर्यता र मुक्तकको वैचारिक पक्षमा यथेष्ट ध्यान पुऱ्याउने छन् भन्ने अपेक्षा गर्न सकिन्छ।

मुक्तकको क्षेत्रमा ऐतिहासिक काम गरेको पोखराबाट मुक्तक सङ्ग्रह भनेर गर्वसाथ भन्न सकिने कृतिको अभाव रहेको अवस्थामा अग्निशिखा आएको छ जीवन र जगतको यथार्थलाई व्यङ्ग्यात्मक तवरले प्रस्तुत गर्ने देवकोटाको अग्निशिखा पठनीय र सङ्ग्रहणीय कृति हो। सङ्ग्रहको प्रकाशक मुक्तक मञ्च पोखराले यसको वितरणलाई चुस्त बनाउनु जरुरी छ। देवकोटाको मुक्तकको प्रवृत्तिबारे अग्रज मुक्तककार रत्नशमशेर थापाको यो भनाइमा असहमत हुन पर्ने ठेँहैन, 'देवकोट नबीनता र सुन्दरतालाई टपक्क टिपेर स्तरीयताका साथ चरम व्यङ्ग्य प्रस्तुत गर्न सक्ने युवा मुक्तककार हुन्।'

सन्दर्भ ग्रन्थसूची

अविन्दन, फाँडिन्द्र, (सम्पा २०५६), मुक्तक वर्षा, पोखरा : पोखरा पाठिक ।
देवकोटा, कृष्ण, (सम्पा २०६९), मुक्तक यात्रा, पोखरा : मुक्तक मञ्च पोखरा ।
देवकोटा, कृष्ण, (२०७२), अग्निशिखा, पोखरा : मुक्तक मञ्च पोखरा ।
विकल्प, इन्द्रकुमार, (सम्पा २०६४), कालीको मुसेली, पर्वत : पर्वत साहित्य संगम ।

(साभार : सुसाखरी सन्देश साहित्यिक पत्रिका)

प्राथमिक उपचार सामाग्री हस्तान्तरण

पोखरा १६ पुस ।(गोल्डेन)

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले नेपाल रेडक्रस सोसाइटी हेमजा उपशाखालाई बिहीबार एक कार्यक्रमको आयोजना प्राथमिक उपचार सामाग्री हस्तान्तरण गरेको छ । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका तर्फबाट प्राथमिक उपचार तथा सडक सुरक्षा महाशाखाका कार्यक्रम संयोजक शुसिल राज रेग्मीले प्राथमिक उपचार सामाग्री हेमजा उपशाखालाई हस्तान्तरण गर्नुभएको हो । हस्तान्तरण गर्दै रेग्मीले प्राथमिक उपचारका सामाग्रीहरुले घाइतेले समयमानै प्राथमिक उपचार प्राप्त गर्न सहज हुने उल्लेख गर्दै प्राथमिक उपचार बाट बञ्चित हुन नपर्ने बताए । प्राथमिक उपचारमा कार्यरत स्वयस्वेक हरुले उक्त सामाग्रीहरुको सही सदुपयोग गर्ने सुझाव दिए । रेग्मीले प्राथमिक उपचारको आधारभूत तालिम प्राप्त गरेका स्वयसवेकहरुलाई आगामी दिनमा पनि तालिम दिइने जानकारी दिए । सहयोग सामाग्री ग्रहण गर्दै नेपाल रेडक्रस सोसाइटी हेमजा उपशाखा उपसभापति गोपाल नन्दन गिरीले सडक दुर्घटना परी घाइतेहुनेहरुको प्राथमिक उपचारमा उक्त सामाग्रीहरु प्रयोग जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी हेमजा उपशाखा उपसभापति गोपाल नन्दन गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य सचिव तिलक प्रसाद तिमिल्सिना र कार्यक्रमको सञ्चालन युवा रेडक्रस सर्कल हेमजाका सचिव सुनिल गायकले गर्नेभएका हुन् ।

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क

९८२६१-०६६०२

गोल्डेन फ्युचरका विद्यार्थीलाई लागूऔषध सचेतना

गोल्डेन न्युज संवाददाता

पोखरा १६ पुस ।

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक फहरी सेवा पृथ्वीचोकको आयोजनामा र लागू औषध नियन्त्रण ब्युरो पोखराको प्राविधिक सहयोगमा गोल्डेन फ्युचर उच्च मा.वि.मा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरु बीच लागूऔषध सम्बन्धि सचेतनामूलक कार्यक्रम सम्पन्न भयो । सेवा केन्द्रका अध्यक्ष गजेन्द्रमान श्रेष्ठको अध्यक्षतामा र सोही विद्यालयका पचार्य विर बहादुर बुढाथोकीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा प्रशिक्षक लागूऔषध नियन्त्रण ब्युरो कास्कीका फहरी नायब निरीक्षक विद्याधर विपाठीले लागूऔषधको प्रयोगबाट मानिसमा पर्ने असर र कानूनी सजायको बारेमा प्रष्ट पारेका थिए । कार्यक्रममा बोर्दै प्रमुख अतिथि बुढाथोकीले हाल समाजका लागूऔषधको प्रयोग बढ्दै गएको परिप्रेक्षमा सामुदायिक सेवा केन्द्रले समेत गरी १०९ जनाको गरेको प्रयासमा हामि सबै मिलेर सामुदायिक सेवा केन्द्रलाई यस्तो कार्यक्रमका सयोजक संस्थाका सचेतना मुलक अभियानमा साथ दिएमा मात्र सफलता पाउन सकिने बताए । कक्षा १० मा अध्ययनरत विद्यार्थीहरु, शिक्षक-शिक्षिकाहरु, कार्यसमिति पदाधिकारी एंव सदस्य,सहयोगी उप समिति सदस्य,संस्थाका फहरी

दाइजोप्रथा उन्मुलन हुनुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

सिद्धार्थ क्लब पोखरा र महिला अधिकार मञ्च सराङकोटको आयोजनामा दाइजोप्रथा न्युनिकरणका लागि छलफल कार्यक्रम बिहीवार सम्पन्न भएको छ । कार्यक्रममा सहभागिहरुले दाइजोप्रथा घरेलुहिंसाको मुख्य श्रोत भएको भन्दै अन्य सम्पर्ने आवश्यकता औल्याए । सबै सहभागीहरुले आफुले पनि दाइजो नलिने र दाइजो नदिने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

सराङकोटका विभिन्न संघसंस्थाका सकिय महिलाहरुको सहभागितामा सञ्चालन भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुष्मा पौडेलले दाइजोप्रथा केहो? यसले पारेको असरहरु, समाधानका उपायहरु, दाइजोप्रथा र कानुनी व्यवस्था लगायतको विषयमा सहजीकरण गरेकी थिइन् । उनले दाइजोप्रथा न्युनिकरणका लागि सबै एकजुट भएर लागुपर्नेमा समेत जोड दिइन् ।

सिद्धार्थ क्लबका सचिव तिर्थ श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बडा सचिव रुद्रप्रसाद वस्ताकोटीले दाइजोप्रथा एक सामाजिक विकृति भएको भन्दै महिला र पुरुष एकजुट भएर यस प्रथाको विरुद्धमा लाग्नुपर्नेमा जोड दिए । कार्यक्रमको उद्देश्यमाथि सिद्धार्थ क्लबका स्थानीय अधिकार कार्यकर्ण बाल प्रायोजन प्रमुख बलराम तिमिल्सिनाले प्रकाश पारेका थिए ।

रत्नज्योति उमाविमा सोर्टमिट सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

पोखराको रत्नचोकस्थित रत्नज्योति उच्च माविमा विशेष कार्यक्रमका साथ स्पोर्टस् मिट २०७२ को समापन गरिएको छ । गत मंगलवारदेखि सचालन भएको रत्नज्योति स्पोर्टस् मिटर २०७२ मा छात्र छात्रा भलिवल, कवासरीय टेबलटेनिस, ब्याडमिन्टन, प्राथमिक तह स्तरीय दौड, तातो आलु लगायतका खेलहरु संचालित थिए । साथमा कार्यक्रमको मुख्य आकर्षणको रुपमा लट्ठा तान्ने प्रतियोगिता रहेको थियो । प्रमुख अतिथि नेशनल प्यान्सनका केन्द्रीय उपाध्यक्ष यमबहादुर खड्काले सरस्वतीको फोटोमा माल्यार्पण र ओलिम्पिक दीप प्रज्वलन गरी शुभारम्भ गरेका थिए । कार्यक्रमका स्पोर्टस् मिट २०७२ मा सचालन भएका विभिन्न खेलकुद प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

खेलकुद प्रतियोगिताचलाई माध्यमिक तह, निम्न माध्यमिक तह र प्राथमिक तह गरी ३ तह र कतिपय प्रतियोगिता कक्षागत रुपमा संचालन गरिएको थियो ।

हेल्पिङ हयान्ड्स फर नेपाल–नर्वेमा चन्द

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

हेल्पिङ हयान्ड्स फर नेपाल-नर्वेको पुष १५ गते आयोजित प्रथम साधारणसभाले गोरख चन्दको अध्यक्षतामा २१ सदस्यीय कार्य समिति चयन गरेको छ । नर्वेको राजधानी ओस्लोमा सम्पन्न साधारण विचालयका निर्देशक हेमन्त अधिकारीको अध्यक्षतमा भएको कार्यक्रमको संचालन विद्यालयका उपप्रधानाध्यापक महासागर पौडेलले गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०१.२ नेमाहर्उ सुन्न
Log on :
www.goldennews.com.np

सभाले समितिको उपाध्यक्षमा सुदिप पाण्डे, दिपक महत र विश्वास बजगाई, महासचिवमा कृष्ण श्रेष्ठ, सचिवमा मिसर लामिछाने र कोषाध्यक्षमा निर्मल पौडेललाई चयन गरेको छ ।

यसैगरी समितिका सदस्यहरुमा भिमसेन सारु, पदम सुवेदी, सजीव अधिकारी, महेश बटु, विष्णु गौतम, मनोज अधिकारी, विकास चन्द भट्टाई, ज्ञान गौतम, रत्न साफकोटा, जितेन्द्र शाही, राजन श्रेष्ठ, प्रतिक्षा के.सी, खेम तिमिल्सना रहेका छन् । साधारण सभाका प्रमुख अतिथि गैर आवासीय नेपाली संघ नर्वेका अध्यक्ष कुमार पण्डितले हेल्पिड हयान्ड्स फर नेपाल-नर्वे द्वारा सम्पन्न गरिविधिहरुको प्रशंसा गदै आगामी दिनमा एन.आर.एन पनि सहकार्य गर्न इच्छुक रहेको बताए । नवनियोजित अध्यक्ष गोरख चन्दले विदेशमा रहेका नेपालीहरुले आफ्ना स्वदेशमा रहेका नेपालीहरुलाई सहयोग गर्न एकजुट हुन आग्रह गर्दै आर्थिक सहयोग गर्दा पैसा मात्र नभई भावना पनि जोडिने बताए । साधारणसभामा मदन आचार्यले संस्थाको गतिविधिबारे जानकारी गराए भने दिपक महतले संस्थाको आय-व्यय प्रस्तुत गरेका थिए । कार्यक्रममा जनसम्पर्क समिति नर्वे, पदाधी नेपाली मञ्च, जनभुमितीय मञ्च, विवेकशील नेपाली, नेपाली विद्यार्थी समुदाय ओस्लो, नेपाली पौचुंगिज समाजका प्रतिनिधिहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सन् २०१३ मा स्थापित यस सामाजिक संस्था, हेल्पिड हयान्ड्स फर नेपाल-नर्वेले नेपालको शिक्षा क्षेत्र, नेपाली संस्कृतिको प्रवर्द्धन र प्राकृतिक विपत्ति जस्तै भूकम्प पीडितहरुलाई आर्थिक सहयोग गर्दै आईरहेको छ ।

म्युजिक भिडियो 'मसंग नेपाली मन छ' सार्वजनिक

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

नवोदित गायिका माया पुनको पहिलो गीत तथा म्युजिक भिडियो मङ्गलवार पोखरामा सार्वजनिक भएको छ । 'मसंग नेपाली मन छ' बोलको गीत गायक कर्ण दासले सार्वजनिक गरेका हुन् । गीत सार्वजनिक गर्दै गायक दासले भारतीय नाकाबन्दीको समयमा सार्वजनिक गरिएको गीतले राष्ट्रप्रेमको आवाज उठाउने प्रयास गरेको बताउनुभयो । गायिका पुनले गीतलाई उत्कृष्ट बनाउनका लागि आफूले सक्दो प्रयास गरेको बताए । मन क्षेत्रीको शब्दमा अर्जुन पोखेलले

संगीत गरेको गीतको म्युजिक भिडियो अपिल विपाठीले निर्देशन गरेका हुन् । भिडियो फलानो कियशनले तयार गरेको हो । भिडियोमा केकी अधिकारी, मिलन थापा र बाल कलाकार मन्दीप क्षत्रीले अभिनय गरेका छन् । भिडियोमा सरोज अधिकारीको छायाङ्कन र सुवास अम्बाईसेम्पादन गरेका छन् ।

लेखनाथका वस्ताकोटीद्वारा वृद्धाश्रममा सहयोग

पोखरा १६ पुस ।

लेखनाथ नगरपालिका वडा नं-३, निवासी शीरव वस्ताकोटीले आफ्नो १५औं जन्मोत्सवमा लेखनाथ-१३, लामे आहालको राधाकृष्ण वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई सहयोग गरेका छन् । वस्ताकोटीका परिवारले वृधवार आश्रममा पुगी त्यहाँका ज्येष्ठ नागरिकलाई ५० थान कम्बल र खाद्य सामग्री वितरण गरेका छन् । आश्रमका अध्यक्ष प्रेम लिगललाइ वस्ताकोटीका हजुरआमा कृष्णदेवी वस्ताकोटी, बुवा कमलभक्त वस्ताकोटी, आमा सीता वस्ताकोटी, काका हरि वस्ताकोटी र काकी दीपा वस्ताकोटीले सामूहिकरुपमा उक्त सामग्री हस्तान्तरण गरेका हुन् । कार्यक्रममा आश्रमका अध्यक्ष प्रेम लिगल, सचिव सोभामोहन पौडेले र कोषाध्यक्ष विश्व लामिछानेले आश्रमका गतिविधि र वर्तमान अवस्थाका बारेमा जानकारी दिए ।

एनवाईसिए गठन

पोखरा १६ पुस ।

पोखरा वन विज्ञान अध्ययन संस्थानमा बसेको एक भेलाले एनवाईसिए पोखरा च्याप्टर गठन गरेको छ । संयोजक दुर्गा प्रसाद जोशीको संयोजकत्वमा बसेको भेलाले विभिन्न विधाका छ जना संयोजक र एक जना सल्लाहकार चयन गरेको हो । जसको क्याप्टिड संयोजकमा रितिका प्रसाई, मिडिया संयोजकमा विपना मैया सदावेव, संचार संयोजकमा कुमार भण्डारी, कलेज संयोजकमा प्रतिक्षा पोखेल, स्कुल संयोजकमा गुञ्जन प्यासी, थिन डिस्कसन फोकल पर्सनमा मिलन अर्याल र सल्लाहकारमा अभिषेक खड्का रहेका छन् ।

कार्यकर्ता भेला

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ पुस ।

नेपाल लोकतान्त्रिक यातायात व्यवसायी राष्ट्रिय मञ्च गण्डकीको अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ । कार्यक्रममा नेकपा एमाले केन्द्रीय स्थायी कमिटी सदस्य मुकुन्द न्यौपानेले नेपालको संविधान २०७२ विश्वको उत्कृष्ट संविधान बनेको आधारसहित व्याख्या गदै सबै समुदायमा यी विषयवस्तु पुस्तुत गरी बुझाउनुपर्ने आवश्यकता रहेको बताए। कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य तथा कास्की इन्चार्ज मानबहादुर जि.सी, अतिथि नेकपा एमाले कास्की सचिव दामोदर बैरागी लगायतले आ-आफ्नो भनाई राखेका थिए । नेपाल लोकतान्त्रिक यातायात व्यवसायी राष्ट्रिय मञ्च गण्डकीका अध्यक्ष बलराम सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत बुद्धिनाथ बास्तोला र कार्यक्रमको संचालन तुलसी दाहालले गरेका थिए ।

प्रो. वद्री के.सी. : ९८५६०३५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३९८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
Abudabi को PSBD : Spark, Middle est-Star Skill Force बुझको DPS : Etisaleel star कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा जान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तरवार्तामा तयारी कक्षाहरु संचालन भई रहेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो नीकाको फाईदा उठाउनु होला ।
तपाई सेवाहरु
१. 100% उत्तीर्ण गराउने सफल !
२. आएडी सेव पावरबाट प्रेसेल गराइने (फिस सेक्टर इम्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं दैठानिक ज्ञान पूर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ५ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउने सफल ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ४८४६३५५३४२ (डिसी अर्याल), ४८५६०३३८६२ (जितबहादुर)
४८०६७०८२४६, ४८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेस कम्प्लेक्सको दोस्रो तला)

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०८७७
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

पोखरामा पहिलो पटक
यौनदुर्बलता : शिङको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, थिग्रि सिस्तार हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला तथा दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ कसिलो बनाउन, पेटको थिरा हटाउन।
Cuit Face बनाउन स्प अनुत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी घुरोट खैनी, गाँजा तथा तुरुन्त छुटाउने।
दाँड तथा जोर्ती दुवाई ठिक पार्ने, सस्तो सुधा पेनलिस।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

अनेक समस्या सफल उपचार
उराष्टिक : खाना रुचि नहुने, अमिलो पानी आउने, म्हासिल हुकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
थोप स्मारुप : शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्फल दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिलामासी महलाद्वारी, सेतोपाली बग्ने, योनी चिलाउने, नस्ली पेट ठाड कमर दुखे, पेट तथा छातीमा भएको सेतो धब्बा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन व्याधिबाट कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता : कालो धब्बा पोत्ने, डुण्डिफोर, दुख पब्बा, मस्किया, काँठी, धाउपाँच हटाई पुरै शरिर गोरो बनाउने ।
पुरुषी पातलो पहिरनको पनि समस्या पनि पाउनुहोस् ।
थप उपचार : ऐसर, सुनर, जण्डिस, पिसास, पाइल, इम बाधि दाद, दाह कम्मर, दाह जोर्ती पुरै शरिर ढु खाई ठिक पार्ने मसाज तेल ।
थिरल आयुर्वेद पसल
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं ०६१-५३१८६७, ०६-१२२४४४८, मो. ९८४६१३०४१८
फि होम डेलिभरि

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरून् भुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

हार्दिक सम्वेदना



जन्म:
वि.सं. २००० मंसिर

स्वर्गारोहण
वि.स.२०७२ पुस ०५ गते

स्व. तेज बहादुर कटुवाल क्षेत्री

पोखराको नयाँबजारस्थित बतास अर्गनाईजेशन अन्तर्गत एएसबि अटोमोवाईल्स प्रा.लि., बतास ब्रदर्स प्रा.लि. का बेनी डिलर श्री रिमबहादुर कटुवाल क्षेत्रीज्यका पुजनीय पिता तेज बहादुर कटुवाल क्षेत्रीको मिति २०७२ साल पौष ०५ गते शनिबारका दिन ७३ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज ९३ औं दिनको पुण्य तिथिमा बतास अर्गनाईजेशन परिवार दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं । साथै यस दु:खद घडिमा उहाँको शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि ईश्वरसंग प्रार्थना गर्दछौं।

बतास अर्गनाईजेशन परिवार

कर्पोरेट कार्यालय:
गैरीधारा, काठमाडौं, नेपाल
पोष्ट बक्स नं : ९९७५
टेलिफोन नं :०१-४००४६४२/४००४७४४
फ्याक्स नं : ००९७७-१-४००४६४६

प्रधान कार्यालय:
नयाँबजार, पोखरा-९, नेपाल
पोष्ट बक्स नं : १७७
टेलिफोन नं :०६१-५३६७७७/५३०१०७
फ्याक्स नं : ००९७७-६१-५३२४६२

सरकारी सेवा कागजरहित हुनुपर्नेमा जोड

गोल्डेन न्युज संवाददाता
पोखरा १६ पुस ।

नेपालमा डिजिटल हस्ताक्षरले कानुनी मान्यता पाए पनि प्रचार-प्रसारको अभावमा यसको व्यापक प्रयोग हुन नसकेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । उनीहरुले डिजिटल हस्ताक्षर सुरक्षित, भरपर्दो र कम खर्चिलो भएको सन्देश प्रवाह गर्नुपर्नेमा जोड समेत दिएका छन् । नेपाल सरकार प्रमाणीकरण नियन्त्रणको कार्यालय र पोखरा उद्योग वाणिज्य संघको संयक्त आयोजना तथा विश्व बैंकको अन्तर्राष्ट्रिय वित्तिय निगमको सहयोगमा पोखरामा सम्पन्न अन्तर्किया कार्यक्रममा बोल्दै सूचना प्रविधि उच्चस्तरीय आयोगका पूर्व उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय वित्तिय निगमका सल्लाहकार मनोहरकुमार श्रेष्ठले सुशासन र कागजरहित सकारी सेवा संचालनको लागि डिजिटल हस्ताक्षरको व्यापक प्रयोग हुनुपर्ने बताए । नेपाल सरकार प्रमाणिकरण नियन्त्रणको कार्यालयका उप-नियन्त्रक मनिष भट्टराईले डिजिटल हस्ताक्षर भनेको कागजमा गरेको हस्ताक्षरलाई स्क्यानिङ गरेर कसैलाई पठाउने काम नभई विद्युतीय कोड भएको प्रष्ट पारे ।

नेपाल सर्टिफाइड कम्पनीका चिफ अपरेटिङ अफिसर नारायण न्यौपानेका अनुसार घिष्ट गरिएका कागजातमा प्रमाणीकरणका लागि हस्ताक्षरको प्रयोग भएजस्तै समान प्रयोजनका लागि डिजिटल तथा विद्युतीय सामग्रीमा हुने एक किसिमको हस्ताक्षर नै डिजिटल हस्ताक्षर हो । यसबाट वास्तविक निवेदकको पहिचान अथवा प्रामाणिकता हुन्छ । तर, यस्तो हस्ताक्षरलाई वृक्षाउनेको लागि अभियान नै संचालन गर्नुपर्नेमा जोड दिए । कार्यक्रमका बोर्ड अन्तर्राष्ट्रिय वित्तिय निगम, विश्व बैंकका आर्थिक रौनियारले डिजिटल हस्ताक्षरमा २७ अङ्को एउटा कोड हुने र जसरी परिचयपत्रहरूमा निश्चित कोडको प्रयोग गरिन्छ, यो पनि त्यस्तै किसिमको कोड हो । यो डिजिटल प्रयोजनका लागि मात्र उपयोग गरिन्छ । उनका अनुसार सान्द्रोलाई जसरी उनको नामले चिनिन्छ, डिजिटल संसारमा आफ्नो परिचय स्थापना गर्न डिजिटल हस्ताक्षरको प्रयोग गरिन्छ । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा सम्मेलन संयोजक रवीन्द्र पोखरेलले सम्बन्धित हस्ताक्षरकर्ताको सार्वजनिक साँचो भएको व्यक्तिले विद्युतीय अभिलेखलाई दुरुस्तसँग निर्धारण गर्नसक्ने एसिमेट्रिक किप्टो सिष्टममुक्त विद्युतीय अभिलेखमा समावेश भएको विद्युतीय स्वरूपको हस्ताक्षर भएको उनले बताए । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दकुमार थापाले नेपालमा सूचना प्रविधिको बढ्दो प्रयोग हुन थालेको अवस्थामा डिजिटल हस्ताक्षरको प्रयोगलाई पनि व्यापक बनाउनु पर्ने बताए । उनले विद्युतीय कारोबार ऐनबारे सर्वसाधारणलाई बुझाउनको लागि डिजिटल हस्ताक्षर गोप्यरूपमा समावेश भएको हुन्छ । डिजिटल हस्ताक्षर प्रमाणपत्र प्राप्त गर्ने यस्तो हस्ताक्षर गोप्य राखुपर्ने हुन्छ ।

औद्योगिक व्यापार मेला माघको तेस्रो साता

गोल्डेन न्युज संवाददाता
पोखरा १६ पुस ।

पोखरा उद्योग वाणिज्य संघले बर्षेनी आयोजना गर्दै आएको राष्ट्रिय औद्योगिक व्यापार मेला यसपटक माघको तेस्रो साता हुने भएको छ । संघका अध्यक्ष विन्दकुमार थापाको अध्यक्षतामा सम्पन्न कार्यसमितिको बैठकले माघ २१ देखि ३० गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७२ आयोजना गर्ने निर्णय गरेको हो । मेला पोखरा-९, नयाँबजारमा रहेको प्रदर्शनी केन्द्रमा आयोजना हुनेछ । संघका महासचिव रवीन्द्रबहादुर प्रजुका अनुसार देशमा जारी असहज पारिस्थितिका कारण संघले मौसिर महिनामै आयोजना गर्ने मेलालाई पछाडि सारिएको थियो । संघको ४२ औं वार्षिकोत्सव समेत माघ २४ गते लाई समेत मध्यनजर राख्दै मेला आयोजनाको मिति तय गरिएको महासचिव प्रजुले बताए । पोखरा उद्योग वाणिज्य संघका प्रवेश टिकटमा वैनिक रुपमै पुरस्कारको व्यवस्था, उत्कृष्ट स्टललाई पुरस्कार, चमेना गृहको व्यवस्था, बाल उद्यान तथा साथमा स्थापित हस्तिकलाकारहरुद्वारा मनोरञ्जनात्मक कार्यक्रमहरु समावेश गरिएको महासचिव प्रजुले जनाए । पोखरा उद्योग वाणिज्य संघले १८ वर्ष पहिला नेपालमै पहिलो पटक संस्थागत रुपले मेला र महोत्सवको अवधारणा भित्र्याएको हो । संघले सुरु गरेको अवधारणा अहिले देशव्यापी भएको छ । आर्थिक गतिविधि चलायमान बनाउन मेला र महोत्सव सहायक हुन्छ भन्ने सोचका कारण मेलाको अवधारणा ल्याइएको हो । मेला र महोत्सवहरु नूतन व्यवसायिक सोचको विकास गराउन र उपभोक्ता र उत्पादकलाई एक थलोमा ल्याउन सफल भएको पोखरा उद्योग वाणिज्य संघको ठम्याई रहेको छ ।

साथै मेलाको थप आकर्षणतर्फ लोकोहोरी प्रतियोगिता, नेपालका ख्यातिप्राप्त व्यापडहरुको सांगीतिक कार्यक्रम, लोकनृत्य प्रतियोगिता, लहरे भरमग्दुर प्रयास गरिरहेका छन् । व्यवसायिक संस्थापन पक्षधिय देखिएको पदाधिकारी बन्ने नेताहरूको रस्साकस्सीको फाइदा लिने रणनीतिमा पनि देउवा छन् । संस्थापन पक्षका असल्पट्टहरूलाई ठाउँ दिएर आफ्नो स्थिति सुदृढ बनाउने नै उनको मुख्य रणनीति भएको स्रोतको भनाइ छ । पहिलो प्राथमिकता पौडेलसग समझदारी बनाउन उनी र उनका विश्वासपात्र लागिरहेका छन् ।

देउवा पक्षबाट विमलेन्द्र निधि, खुमबहादुर खड्का, पूर्णबहादुर खड्का, गोपालमान श्रेष्ठ, चित्रलेखा यादव उपसभापति र महामन्त्रीका आकांक्षी छन् । तर, उनीहरू देउवा सभापति बन्ने कटमा आफूहरू पद त्याग तयार रहेको बताइरहेकाले देउवालाई अहिलेकै अवस्थामा पनि अलि सहज छ । देउवाले जित्नका लागि संस्थापनबाट नेता तान्न पदाधिकारीका आकांक्षी नेताले घिर्नामिर्नल दिएका छन् । पदाधिकारीका आकांक्षीलाई कोइरला पक्षले चित्त बुझाउन नसके जो-कोही देउवा समूहमा पुग्न सक्ने सम्भावना उत्तिकै छ ।

रामचन्द्र पौडेल : कांग्रेसमा सबैभन्दा बढी निष्ठाको राजनीति गरेका उपसभापति रामचन्द्र पौडेल पनि सभापतिमा आफ्नो उम्मेदवारी घोषणा गर्दै देशव्यापी रुपमा प्रचार-प्रसारमा दौडिरहेका छन् । कार्यकर्तालाई आफ्नो साथ लिन नसक्ने नेताको छवि बनाएका पौडेलले सुशिल र शेरबहादुरसँग चिढिएका नेतालाई साथमा लिएर अघि बढ्ने मुख्य रणनीति बनाएका छन् । पौडेलले खुमबहादुर खड्का सुटलाई साथमा लिएर सभापति

कांग्रेसको...

लिएर पार्टीमा गुट चलाइरहेका खुमबहादुर खड्का पार्टीमा आफ्नो स्थान सुरक्षित गर्न प्रयासमा छन् । कार्यकर्तामाझ लोकप्रिय रहेका नेता खड्काले देउवासँग आफूलाई उपसभापति पद दिने सुनिश्चित गर्न बागीलिड गरिरहेको स्रोत बताउँछन् । देउवा निकट स्रोत भन्छ, 'शेरबहादुरलाई अहिले सबैभन्दा समस्या भनेको खुमबहादुरको व्यवस्थापन हो । त्यसका लागि रणनीति बनाउन अहिले उनी व्यस्त छन् ।' देउवाले खुमबहादुरलाई पहिले केन्द्रीय सदस्यमा चुनाव लड्ने, पछि सम्मानजनक पदमा मनोनीत गर्ने आश्वासन दिएको बताइन्छ ।

देउवातिर स्थान सुरक्षित नहुने भएमा रामचन्द्रलाई अगाडि सारेर तेस्रो धार जन्माउने प्रयासमा खड्का रहेकाले देउवालाई उनको व्यवस्थापन टाउको दुखाई बनेको छ ।

३० गते बङ्गलादेशको सामना गर्नेछ । विभिन्न आठ राष्ट्रले भाग लिएको उक्त प्रतियोगिताका खेल भने बङ्गलादेशको हाका र जेसोरमा सञ्चालन हुनेछन् । रासस

पत्रकार महासंघ कास्की भवन उद्घाटन तयारीमा

गोल्डेन न्युज संवाददाता
पोखरा १६ पुस ।

नेपाल पत्रकार महासंघ कास्कीको निर्माणधिन उदघाटन आगामी माघ १६ गते गर्ने तयारीमा कास्की महासंघ लागेको छ । पत्रकार महासंघ कास्कीले दिएको निम्ती स्वीकारी बिहीवार पोखरा आएका उपराष्ट्रपति नन्दबहादुर पुनले माघ १६ गते भवन निर्माण गर्न आउने वचनबद्धता अध्यक्ष रामकृष्ण ज्वाली र सचिव त्रिभुवन पौडेललाइ दिएका हुन् । अध्यक्ष ज्वाली र सचिव पौडेलले उपराष्ट्रपतिलाइ भेटेर भवन निर्माणमा प्रमुख अतिथीको रुपमा सहभागी हुनका लागि निमन्त्रणा दिएका थिए । पत्रकार महासंघ कास्कीले सोही दिन महासंघको साधरण सभा समेत गर्ने तयारी गरेको छ । "उपराष्ट्रपतिज्यले समय दिने भन्नुभएको छ । हामीले औपचारीक रुपमा उहाँलाइ कार्यक्रमको विवरण बुझाउने छौं"- अध्यक्ष ज्वालीले भने-"माघ १६ गते भव्य समारोह बिच पत्रकार महासंघको भवन उदघाटन हुनेछ । सोही दिन साधरणसभा पनि गर्ने तयारीमा जुटेकौं । कार्यक्रमको बारेमा एक दुइ दिनमै महासंघको पुर्ण बैठक बसेर निर्णय लिनेछौं ।" महासघ कास्कीका सचिव त्रिभुवन पौडेलले भवन उदघाटन समारोहलाइ महासंघ कास्कीले उत्सवका रुपमा मनाउने जानकारी दिए । "पत्रकार महासंघका केन्द्रिय पदाधिकारी सहित पुर्व अध्यक्षहरु र छिमेकी जिल्लाबाट समेत महासंघका साथीहरुलाइ बोलाएर महासंघको भवन उदघाटन हुनेछ । सोही दिन सम्पुर्ण दाताहरुलाइ समेत सम्मान गरिने कार्यक्रम रहनेछ ।" सचिव पौडेलले भने ।

सचिव पौडेलका अनुसार सोही दिन महासंघ परिसरमै निर्माण भएको पोखरा महासंघको पहिलो पत्रकार स्वर्गिय जगन्नाथ सिग्देलको शालिक समेत अनावरण गरिनेछ । साथै महासंघ कास्कीले प्रकाशन गर्ने स्मारिकाको पनि विमोचन गर्ने कार्यक्रम तय भएको छ । स्मारिकाका लागि पुष २० गते भित्र लेख तथा रचना पठाउन महासंघ कास्कीले शाखाका सबै सदस्यहरुसंग आग्रह गरेको छ । पोखराको पाटी स्थित पुनरावेदन कार्यालय पछाडि करिब दुइ करोडको लागतमा पत्रकार महासंघ कास्कीको सुविधा सम्पन्न भवन निर्माण भएको छ । भवन निर्माणका लागि पोखरा उपत्यका नगर विकास समितिले जग्गा प्रदान गरेको थियो । भवनमा करिब तिन सय मानिस अटने सुविधा सम्पन्न सभाहल, तालिम हल, बैठक हल तथा अतिथि गृह समेत छ ।

नेपाल समूह ए मा

काठमाडौं १६ पुस ।

बङ्गलादेशको ढाकामा हुने यु-२३ बङ्गबन्धु कप फुटबल प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ । ढाकास्थित बङ्गलादेश फुटबल फेडरेसन हाउसमा आज भएको गोलाप्रथामा नेपाल समूह 'ए' मा परेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । समूह 'ए' मा नै मलेसिया, श्रीलङ्का र बङ्गलादेशको तेह्रस वर्षगाँठ (यु-२३) उमेर समूहका टोली छन् । मलेसिया भने डिफेन्डिङ च्याम्पियन हो । यसैगरी, समूह 'बी'मा भने बहराइन, माल्दिभ्स, कम्बोडिया र बङ्गलादेशका राष्ट्रिय टोली छन् । यही पुस २४ गतेदेखि सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालले आफ्नो पहिलो खेल पुस २५ मा मलेसियाको सामना गर्दै मैदानमा उत्रनेछ ।

त्यस्तै, नेपालले डोस्रो खेल पुस २८ गते श्रीलङ्कासँग खेल्नेछ भने

बाराहीकर्मी थापा मगरमाथि आक्रमण

गोल्डेन न्युज संवाददाता
पोखरा १६ पुस ।

रेडियो बाराहीको प्राविधिक शाखामा कार्यरत टीका थापा मगरमाथि बुधबार राति आक्रमण भएको छ । रेडियोको नियमित काम सकेर राति घर फर्कदै गर्दा थापा माथि पोखराको नागडुंगा नजिकै मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले आक्रमण गरेको हो ।

टाउको र निधारमा गम्भीर चोट लागेका थापा मगरको टाउकोको अगाडि पछाडी टाँका लगाइएको छ । उनलाई शुक्रबारै उपचारपछि डिस्चार्ज गरिएको छ ।

थापा मगरको पोखराको मणिपाल शिक्षण अस्पतालको अकास्मिक कक्षमा राखेर उपचार गरिएको थियो । थापा मगरमाथि रातको झण्डै ११:४० बजे निवासतर्फ फर्कदै गर्दा नागडुंगाको ओरालोमा आक्रमण भएको हो ।

यसैबीच टीका माथि भएको आक्रमणको रेडियो बाराहीले एक विज्ञप्ति जारी गरी भत्सना गरेको छ । रेडियोले आक्रमणमा संलग्न जो कोही भएपनि यथाशीघ्र पक्राउ गरी कडा भन्दा कडा कार्वाही गर्न प्रशासनसंग जोडदार माग गरेको छ । सञ्चारमाध्यममा कार्यरत पत्राविधिक, कर्मचारी र सञ्चारकर्मीमाथि हुने यस्ता खालका आक्रमण सभ्य नहुने भन्दै रेडियोले शान्ति सुरक्षा कायम गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ । आक्रमणको घटनाले सबै सञ्चार गृहमा कार्यरत सञ्चारकर्मी, कर्मचारीमा असुरक्षित महसुस हुने विज्ञप्तिमा उल्लेख छ । यस्ता घटनाले सबैसाधारणमा समेत थप असुरक्षित महसुस हुने तर्फ समेत रेडियोले ध्यानआकर्षण गराएको छ ।

व्यवस्थापिका...

बताए प्रमुख दलका सांसदहरुले संशोधन विधेयकमाथि आआफ्नो धारणा राखिसकेपछि मधेसवादी दलका सांसदहरुले बेलमा उभिएर नारावाजी गरेका थिए । नारावाजीकावीच बिहीवार ३२ जना सांसदले विधेयकका बारेमा बोलेका छन् । सभामुख ओनसरी घर्तीले मधेसवादी दलहरुलाई मनाउनका लागि विधेयकमाथिको छलफल लम्ब्याएकी छन् । सांसदहरुले बोल्ने क्रम नसकिएको भन्दै संसद बैठक आइतबारसम्मका लागि स्थगित गरिएको छ भने संविधान माओवादी अध्यक्ष पुष्पलाल र तमलोपाका अध्यक्ष मदन्य ठाकुरबीच बिहीवार साँझ काठमाडौंको बानेश्वरमा भेटवार्ता भएको छ साँझ ५ बजेबाट १ घन्टासम्म भएको भेटमा सहमति कायम गरी संविधान संशोधन गर्ने र सोधी मोर्चाका आन्दोलनका कार्यक्रम फिर्ता गर्ने विषयमा छलफल भएको छ छलफल गम्भीर र सकारात्मक भएको थियो अध्यक्ष प्रचण्डले यस विषयमा प्रधानमन्त्रीसँग थप छलफल गरी पुनः तमलोपा अध्यक्षसँग छलफल गर्ने हुनुभएको छ,' प्रचण्ड निकट स्रोतले भन्यो ।

सडक महोत्सवमा दर्शक बढ्यो

गोल्डेन न्युज संवाददाता
पोखरा १६ पुस ।

रेवान पोखराको आयोजनामा लेकसाइडमा जारी १७ औं पोखरा सडक महोत्सवमा दर्शकको भिड बढेको छ । पुष १५ गते सार्वजनिक विदा परेकाले पनि सडकमा दर्शकहरुको घुइचो लागेको थियो । त्यस्तै बिहीवार नयाँ वर्षको स्वागतार्थ भयाङ्कर लेकसाइडमा जम्मा भए । बिहीवार दिउसो याक डान्स, गुरुङको छ्याङ्, नौमति पञ्चे बाजा लगायतले सडक रन्काएको थियो भने गीरीघाटमा राम लामा समूहको प्रस्तुति रह्यो । स्कोन नेपालका हरे रामा हरे कृष्णको प्रस्तुतिले पनि फरक रौनक दिएको थियो । बिहीवार दिउसो चन्चुरा पाकमा पशुपति शर्मा, सिर्जना विरही, जिवन दाहाल, सरला पाण्डे, चोलेन्द्र पौडेल लगायतले लोकदोहोरी प्रस्तुत गरे भने जितु नेपालले दर्शक हँसाए । दाजीलिङका विपुल क्षेत्री, अनुप प्रस्ता, डि-नाइन, मंकि टेम्पल लगायतको प्रस्तुतिले दर्शकहरु झुमाएको पप कार्यक्रम संयोजक श्रीराम गिरीले बताए ।

अंग्रेजी नयाँ वर्षको स्वागतार्थ बसुन्धरा पार्कमा आयोजित समारोहमा रेवान पोखराका अध्यक्ष गोपीबहादुर भट्टराईले देशविदेशमा रहेका सम्पुर्ण नेपालीहरुलाई नयाँ वर्षको उपलक्ष्यमा शुभ-कामना प्रदान गरे । राजनीतिक तथा प्राकृतिक कारण वर्ष २०१५ मा नेपाली जनताले धेरै दुःख पाएको भन्दै वर्ष २०१६ ले नेपालीमा हर्ष र उमंगको उपहार ल्याउला भन्ने आशा व्यक्त गरे ।

'विभिन्न समस्या र चुनौतीका बावजुद हामीले यो महोत्सव आयोजना गर्‍यौं, दर्शक तथा अवलोकनकर्ताहरुको आगमनले हामीमा हौसला मिलेको छ'-महोत्सव संयोजक दोर्जे लामाले बताए ।

सुन्दर हेयर एण्ड ब्यूटी
हामीकहाँ तेहिड ड्रेसको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल मसिल्ह । साथै मेकी केयर, पेडी केयर पनि मसिल्ह । ग्राहकेक सुविधाका १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६२५४३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

कर्मचारी आवश्यकता

पद	संख्या
कुक	१ जना
कुक हेल्पर	६ जना
डिस वासर	१ जना
वेटर (महिला)	५ जना
क्यासियर	१ जना

CAFE ANYTIME
चिप्लेढुङ्गा, पोखरा (पुरानो सेलवजको आडमा)
फोन : ०६१-५२५८५५, ९८५६०४४३२०

कर्मचारी आवश्यकता
पोखरा-५, न्यूरोडमा एक टाप्रल्स एजेन्सीका लागि अनुभवी
महिला कर्मचारी : संख्या १ जना
पुरुष कर्मचारी : संख्या १ जना
इमेल र इन्टरनेट चलाउने जान्ने व्यक्तिले सम्पर्क गर्नुहोला ।
नोट : मोटरसाइकल, स्कुटर हुनेलाई विशेष प्राथमिकता दिइनेछ ।
सम्पर्क : ०६१-५२६४०९, ५२६३४५
मोवाइल : ९८५६०२००२५

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२९, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा